नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पुरातत्व विभाग

**कपिलवस्तु संग्रहालय**

तिलौराकोट, कपिलवस्तु

# बोलपत्र आव्हानको सूचना

**सूचना नं. ०१**

**प्रकाशित मिति : २०८१/११/२१**

१. चालु आ.व. २०८१।८२, कपिलवस्तु संग्रहालयका स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु बोलपत्रबाट गर्नको लागि बोलपत्र आव्हानको यो सूचना प्रकाशित गरिएकोले इच्छुक निर्माण व्यावसायीहरुबाट देहायका शर्तहरुको अधिनमा रही बोलपत्र आव्हानको सूचना आव्हान गरिएको छ ।

२. बोलपत्र ग्राह्यता (इलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्र दाताले देहायका कागजातहरु पेश गर्नु पर्नेछ : (क) फर्म, संस्था वा कम्पनी दर्ताको नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपि । (ख) मू.अ.क.दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि । (ग) आ.व. २०८०।८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।(घ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

३. उल्लेखित प्रमाणहरु सहितको बोलपत्र तोकिएको समयभित्र यस कार्यालयमा पेश गर्नुपर्नेछ ।प्रतिलिपि कागजातहरु अनिवार्य रुपमा नोटरी पव्लिकवाट प्रमाणित भएको हुनुपर्नेछ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम मिति तल उल्लेख भए अनुसार हुनेछ ।

४. विल अफ क्वाण्टिटिजमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्रदाताको कागजातको मान्य अवधी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट बोलपत्र को हकमा ९० दिनको हुनेछ। बोलपत्र दाताले तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा मान्यता प्राप्त राष्ट्रिय वाणिज्य बैंक तथा वीत्तिय संस्थाबाट यस संग्रहालयको नाममा जारी गरेको बोलपत्रको कागजातको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधिको बैंक ग्यारेण्टी (वीडवण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ।नगद जमानतको लागि राष्ट्रिय वाणिज्य वैंक कपिलवस्तु, तौलिहवा को.ले.नि.का., कपिलवस्तुको एकल कोष धरौटी खाता नं. ३११०१००१०२०३००००, कार्यालय कोड नं. ३२५०२४९०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. **e-bidding सम्बन्धमा निम्नानुसार हुनेछ :-**

क. e-bidding गर्ने बोलपत्र दाताहरुले यस संग्रहालयलाई सार्वजनिक खरिद अनुगमन कार्यालयवाट उपलब्ध भएको भवन निर्माण सम्वन्धी e-bidding को अन्तरिम Portal प्रयोग गर्नु पर्नेछ। उक्त web मा login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्र दाताहरुले निम्न बोलपत्रमा भाग लिन सक्नेछन्।

ख. बोलपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु e-bidding Portal www.bolpatra.gov.np/egp, मा Scanned Copy Upload गर्नु पर्नेछ। यसरी सहभागी हुने बोलपत्र दाताहरुले बोलपत्र फारम दस्तुर वापतको को.ले.नि.का. कपिलवस्तु, तौलिहवाको राष्ट्रिय वाणिज्य वैंक स्थितको राजस्व खाता नं.१०००१००२०००१०००० राजश्व शिर्षक १४२२९ कार्यालय कोड नं. ३२५०२४९०१ मा जम्मा गरेको वैंक भौचरको Scanned Copy Upload गर्नूपर्ने छ।

ग. e-submission गर्ने दाताहरुले बोलपत्र दर्ता गर्ने अन्तिम दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ। Upload भएका बोलपत्र सोही दिनको २:०० वजे बोलपत्र लिनेछ। Upload भएका बोलपत्रहरु सम्वन्धि कागजातहरुका सम्वन्धमा कार्यालयले आवश्यक ठानेमा सक्कल कागजातहरु माग गर्न सक्नेछ। माग गरेका सक्कल कागजात समयमा नै पेश नगरेमा मुल्यांकनमा समावेश गरिने छैन।

घ. निर्माण व्यावसायीले e-bidding मार्फत पेश गरेको खोल्ने समयमा निजको ई-बिड दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाईल Unreadable Format वा Corrupted भएमा मुल्याङकनमा समावेश गरिने छैन।

७. एक फर्मको नाममा खरिद गरिएको फाराम अर्को फर्मको नामवाट दाखिला गर्न पाईने छैन।

८. दाखिला गर्ने म्याद अन्तिम मितिको १२:००बजेसम्म हुनेछ भने पेश हुन आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको बोलपत्र प्रतिनिधिको रोहवरमा यस संग्रहालयमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र वा संशोधन गर्न चाहेमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति तथा समयभन्दा कम्तिमा चौबीस घण्टा अगावै सिलवन्दी निवेदन दर्ता गराउनु पर्नेछ ।

९. बोलपत्रदाताको योग्यताका आधारहरु बोलपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

१०. यस सूचनाको बुँदा नं २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत तथा छाप नभएको बोलपत्र उपर कारवाही हुने छैन।

११. बोलपत्र दाताले कागजात खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ ।तर बोलपत्र मान्य अवधि र बोलपत्र को जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ ।

१२. पनि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संग्रहालयमा सुरक्षित रहनेछ ।साथै बोलपत्र आव्हानको सूचनामा कुनै संशोधन वा परिमार्जन भएमा पुरातत्व विभागको वेभ साईटमा राखिने छ। बोलपत्र दाखिला गर्ने र खोलिने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनलाई दाखिला गर्ने र खोलिने अन्तिम दिन मानिनेछ ।

१३. यो सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

| सिनं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु मा (भ्याट र कन्टिजेन्सी बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर फारम | ई बिडिङ्ग सुविधा | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | KM/NCB-01/PDRF-081/82 | शुरक्षाकर्मी बस्ने भवन निर्माण , कपिलवस्तु | २३,४०,०४५.६३ | ६५,०००।०० | ३,०००।०० | छ | २०८१।१२।२२ |